# नरैनापुर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

नरैनापुर, बाँके, ५ नं. प्रदेश नेपाल

## बोलपत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७४/११/१८)**

यस कार्यालयबाट चालु आ.व. ०७४/०७५ मा यस कार्यालय अन्तर्गत संचालन हुने तपसिलमा उल्लेखित निर्माण कार्य ठेक्काको माध्यमबाट गराउनु पर्ने भएकोले निर्माण व्यवसाय ऐन, २०५५ बमोजिम इजाजतपत्र प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वकको बोलपत्र/दरभाउपत्र आव्हान गरिएको छ।

१. अद्यावधिक नविकरण गरेको इजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.व.०७३/०७४ सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र निवेदन सहित तोकिएको बोलपत्र दस्तूर तिरी (पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समय भित्र यस कार्यालय, श्री कोष तथा लेखा नियन्त्रण कार्यालय, बाँके र श्री जिल्ला प्रशासन कार्यालय, बाँके बाट वोलपत्र फारम खरीद गर्न सकिनेछ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको आर्थिक प्रशासन शाखा वा यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, नेपालगंज ,स्थित (कार्यालय कोड ६२-३६५-२२ मा) सञ्चित खाता न .ग-४-१ अर्न्तगत राजस्व खाता न ४१३०३०४०१८१०२ मा जम्मा गरेको भौचरलाई बोलपत्र कागजात साथ पेस गर्नु पर्नेछ।

२. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले बोलपत्रको हकमा ३१ औं दिनको १२.०० बजे भित्र यस कार्यालयमा hard copy दर्ता गर्न सकिने छ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन।

४. दर्ता भएका बोलपत्र यो सूचना प्रथम पटक प्रकाशित भएका मितिले ३१ औं दिन दिनको १३.०० बजे कार्यालयका प्रतिनिधी तथा बोलपत्रदातहरुको रोहवरमा खोलिने छ। बोलपत्रदाता/दरभाउपत्रदाताको अनुपस्थिती भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

५. बोलपत्र खरिद गर्नें वा दाखिला गर्ने र खोल्ने दिन बिदा पर्न गएमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोही समयलाई उक्त प्रयोजनको लागि मान्यता दिइने छ।

६. शिलबन्दी ब्रोलपत्र फारामसाथ जमानत वापत तोकिएको रकम नेपाल राष्ट्रिय वाणिज्य बैंक, नेपालगंज शाखा स्थित यस कार्यालयको कोड नं. ६२-३६५-२२ धरौटी खाता नं. ४१३०३०३००७१०२ ग ३ मा जम्मा गरी सक्कलै बैंक भौचर वा नेपाल सरकारबाट विडवण्ड जारी गर्न सक्ने इजाजत प्राप्त बैंकहरुबाट बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० औं दिन म्याद भएको विडवण्डको सक्कल संलग्न गर्नु पर्नेछ।

७. बोलपत्र आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएको ठाउंमा बोलपत्रदाताको सहि छाप भएको हुनु पर्नेछ।

८. नेपाल सरकारको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई बोलपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

९. बोलपत्र स्वीकृत भएपछि परफरमेन्स वण्ड वापत बोलपत्रदाताले कबोल गरेको अंकको ५% ले हुने रकम यसै सूचनाको बुंदा न. ६ मा उल्लेखित धरौटी खातामा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयका पक्षमा न्यूनतम कार्य सम्पन्न गर्नु पर्ने अन्तिम अवधि भन्दा कम्तिमा १३ महिना बढीको म्याद राखी जारी गरेको बैंक जमानीपत्र पेश गर्नु पर्नेछ।

१०. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेसन अनुसार हुनु पर्नेछ। बोलपत्रदाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसंग बुझी दररेट भरेको मानिने छ।

११. शर्त रहेको, रीत नपुगेको तथा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

१२. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४(संशोधन समेत) बमोजिम हुनेछ। बोलपत्र सम्बन्धी थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

१३. अन्य कुराहरुको हकमा प्रचलित कनुन बमोजिम हुनेछ र थप जानकारीको लागि यस कार्यालयको फोन नं. ९८४८०८३२८५ मा सम्पर्क गर्न सकिनेछ।

मो. इस्माइल खाँ
नि. प्रमुख प्रशासकीय अधिकृत

## बोलपत्र सम्बन्धि कार्यको विवरण

| ठे.नं. | कामको विवरण | ल.इ. रकम (भ्याट बाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र दस्तूर | कैफियत |
|---|---|---|---|---|---|
| १४/०७४/०७५ | पचपेडवा चौकी नजिक कल्भर्ट निर्माण | ४२६९०००\|०० | १,१०,००० | ३००० | बोलपत्र (३० दिन) |
| १५/०७४/०७५ | नयाँ बस्तीमा बाटो निर्माण (माटो पटान, ग्रेविल, पी.सि.सि र ह्यम पाइप जडान ) | २५६१८३८\|६१ | ६५,००० | ३००० | बोलपत्र (३० दिन) |
| १६/०७४/०७५ | केरवनीया नाला कटान नियन्त्रण (तटबन्ध निर्माण) | १९७२७२८\|५७ | ५०,००० | ३००० | बोलपत्र (३० दिन) |

.........................
(निमित्त प्रमुख प्रशासकीय अधिकृत)

Email: narainapur.rm073@gmail.com Website: www.narainapurmun.gov.np
Telephone/Fax: 081-525050 Mobile: 9865666700